आज मिति २०८० साल ज्येष्ठ ११ गते बिहिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०७९/०८० को पन्ध्रौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

<u>उपस्थितिः</u>

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री दिवाकर पौडेल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा) रिता महत का.प.
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

<u>अन्य उपस्थिति:-</u>

२५. श्री कृपाहरी लोडारी (अधिकृत)

## भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०७९/०८० को पन्ध्रौं बैठकका निर्णयहरु:

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०७९/१२/२४ गते बसेको आ.व.२०७९/०८० को चौधौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १७ वटा निर्णयहरु भएकोमा निर्णय नं. १,२,३,४,७,१३ र १४ गरी ७ वटा निर्णयहरु कार्यान्वयन भएको र निर्णय नं. ५,६,८,९,१०,११,१२,१५,१६ र १७ गरी १० वटा निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं.२ भानु न.पा. अन्तर्गतका तपसिल बमोजिमका खानेपानीका मुलहरु (मुहान) दर्ता गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | समितिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | बाँसपानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु १३ | |
| २. | कटुसेपानी रुरु भैरवदलगण खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु १ | |
| ३. | बरभञ्याङ लसुनबोट थालेरह कमेरेपानी मान्द्रे खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भानु ६ | |

निर्णय नं.३ भानु नगरपालिकाको आवधिक योजना निर्माण गर्नका लागि यस नगरपालिका र अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा.लि. जेभी शोलुसन रिर्सच प्वाइन्ट प्रा.लि. काठमाडौं बिच मिति २०७९/०९/१९ मा भएको सम्झौता भएकोमा निर्धारित अवधिभित्र काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपका लागि यस कार्यालयमा निवेदन पेश भएकोमा यस कार्यालयको मिति २०७९/१२/०९ गतेको निर्णय अनुसार सोही मितिदेखि २०८०/०२/०४ सम्म लागु हुने गरी म्याद थप गरिएकोमा उक्त मिति सम्म पनि विविध कारणले कार्य सम्पन्न हुन नसकेकोले म्याद थप गरिपाउँ भनी सम्बन्धित परामर्शदाताबाट निवेदन पेश भएको हुदाँ मिति २०८०/०२/०४ देखि मिति २०८०/०३/०२ गते (३० दिन) सम्मको लागि पुनः म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.४ नेपाल सरकारको बजेट शीर्षक नं.११.४.२२.५९०० नविकरणीय उर्जा प्रविधि जडान (बायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) कार्यक्रम सञ्चालनको लागि ससर्त कार्यक्रम अन्तरगतबाट रु.८,००,०००।- (अक्षरुपी आठ लाख) विनियोजन भएकोमा यस नगरपालिकाको राजश्व संकलनका आधारमा बढी राजश्व संकलन गर्ने वडाहरुमा क्रमशः १ र ३ नम्बर वडामा र बजेटको पर्याप्तताको आधारमा सम्भव भएसम्म वडा नं.२ मा समेत सौर्य उर्जा मार्फत पावर सप्लाई ब्याकप जडान गरी सञ्चालनमा ल्याउने निर्णय गरियो ।

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.५ विविध

क) बालमैत्री स्थानीय शासन (CFLG) निर्देशिका, २०७८ को परिच्छेद ६ बमोजिम बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था अनुसार तपसिल बमोजिमको बाल मैत्री स्थानीय शासन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. अध्यक्ष - नगर प्रमुख
२. उपाध्यक्ष - नगर उपप्रमुख
३. सदस्य - प्रमुख प्रशासकीय अधिकृत
४. सदस्य - वडा अध्यक्ष (सबै)
५. सदस्य - कार्यपालिका सदस्य (सबै)
६. सदस्य - शाखा प्रमुख (स्वास्थ्य, शिक्षा, महिला बालबालिका, सरसफाई, गैर सरकारी सस्था)
७. सदस्य - ईलाका प्रहरी कार्यालय प्रमुख १ जना
८. सदस्य-सचिव- सामाजिक विकास शाखा प्रमुख

ख) भानु नगरपालिका भित्र आर्थिक विपन्नता, दीर्घरोगीहरु, जटिल समस्या भएका व्यक्तिहरुका लागि आर्थिक सहायता प्रदान गर्ने प्रयोजनका लागि नगरकार्यपालिकामा सिफारिस गर्न तपसिल बमोजिमको आर्थिक सहायता सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजनक - श्री हरिहर उप्रेती (१० नं.वडा अध्यक्ष,सामाजिक विकास समितिका संयोजक)
२. सदस्य - श्री मिन बहादुर गुरुङ्ग (९ नं.वडा अध्यक्ष)
३. सदस्य - श्री प्रविना थापा मगर (कार्यपालिका सदस्य)
४. सदस्य - श्री सकिना खातुन (कार्यपालिका सदस्य)
५. सदस्य-सचिव - श्री सुभाष रेग्मी (जन.स्वा.नि.)

ग) सूचना प्रविधि अधिकृतको पदपूर्ति सम्बन्धमा यस नगरपालिकामा मिति २०७८/०९/३० गते मा विज्ञापन गरी दरखास्त परेका उम्मेदवारहरुको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम साविक (LGCDP) कार्यक्रम कार्यान्वयन इकाइ पोखरासँग समन्वय गरी Short Listing समेत गरिसकिएको र तत्पश्चात स्थगित भएको उक्त पदपूर्ति प्रक्रिया अगाडी बढाइ साविक LGCDP बाट Short Listing भएर छनौट भएका उम्मेदवारहरुको भानु नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ उपदफा ३ को घ बमोजिम अन्तरवार्ता परीक्षा सञ्चालन गरी करार सेवामा कर्मचारी पदपूर्ति गर्न यस नगरपालिकाको पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

घ) यस नगरपालिका कार्यालय र ईलाका प्रहरी कार्यालय, भानुलाई १/१ थान गरी जम्मा २ थान मल्टिमिडिया प्रोजेक्टर खरिद समितिबाट आवश्यक प्रक्रिया द्वारा खरिद गरी १ थान प्रोजेक्टर ईलाका प्रहरी कार्यालय, भानुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

ङ) यस नगरपालिकामा भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत नेपाल सरकारको आर्थिक स्रोतबाट तलब भत्ता खाने स्थायी, करार, राहत शिक्षक एवं बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई नेपाल सरकारको निशाना छाप सहितको परिचयपत्र नगरपालिकाको आन्तरिक स्रोतबाट छपाई गरी उपलब्ध गराउने निर्णय गरियो ।

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख